# भ्रष्टाचार बिरुद्ध लड्न मधेसी जनता तयार –आजपा

*वीरगंज , ०६ मँसिर*




आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले 'भ्रष्टाचार बिरुद्ध मधेस यात्रा' पूर्णरुपमा सफल भएको बताउदै छिटै नै अन्य प्रदेशमा समेत अभियान सञ्चालन गर्ने उदघोष गरेका छन् ।

आजपा मधेस प्रदेश कमिटीद्धारा आयोजित 'भ्रष्टाचार बिरुद्ध मधेस यात्रा' अभियानको समापन गर्दै उनले भ्रष्टाचार बिरुद्ध लडन मधेस तयार रहेको बताए । पूर्णरुपमा सफल भएको भ्रष्टाचार बिरुद्धको अभियान अब छिटै नै अन्य प्रदेशहरुमा समेत हुने उनले बताए ।

आजपा अध्यक्ष साहको प्रमुख आथित्यमा सम्पन्न भएको अभियान भव्यरुपमा सम्पन्न भएको पार्टीको निष्कर्ष रहेको छ । अभियानमा बढदै गएको जनसहभागिताबाट उत्साही आजपाले भ्रष्टाचारीलाई जनकारवाही गर्नुपर्ने जनाएको छ । भ्रष्टाचारी, लुटेरहरुले मुलुकको ढुकुटी सिद्धयाएको, नेपाली जनतामाथि ऋण थोपारेको, मनोमानी कर बढाएकाले जनतामा जनचेतना जगाउन यस्तो अभियानको आवश्यक्ता रहेको आजपाको बुझाई रहेको छ ।

मुलुकमा बढदै गईरहेको भ्रष्टाचार, अनियमितता, कुशासनका साथै सरकारको अनावश्यक कर एवं महंगी विरुद्ध आजपाले यात्राको क्रममा आवाज उठाएको छ ।

आजपाले भ्रष्टाचार, अनियमितता, कुशासन, मनपरी कर, महंगी, बेरोजगारी, बैदेशिक रोजगारको ठगी, भन्सारको मनोमानी कर लगायतका बिषयमा आवाज उठाउदै स्थानीय, सर्वसधारण एवं सरोकारवालाहरुसंग छलफल समेत यात्राको क्रममा गरेको छ ।

आजपा प्रवक्ता एवं उपमहासचिव चन्द्रभुषण साहका अनुसार भ्रष्टाचार बिरुद्धको मधेस यात्रा कार्यक्रम सप्तरीबाट सुरु भएर पर्सा पुगेर समापन भएको हो । सप्तरीको राजविराजबाट सुरु भएको यात्रा पर्साको निचुटा पुगेर आमसभा गर्दै सम्पन्न भएको छ । पाँच दिनसम्म चलेको भ्रष्टाचार बिरुद्धको मधेस यात्रा कार्यक्रम १ मंसिरमा सुरु भई ५ मंसिरमा सम्पन्न भएको छ ।

भ्रष्टाचार बिरुद्ध मधेसमा अभियान र सोही दिन काठमाडौंमा तीनै तहको सरकारको मनोमानी कर बिरुद्ध विरोध प्रदर्शन आजपाले गरेको थियो । मधेस र काठमाडौंमा एकै दिन छुटाछुटै दुई कार्यक्रम सम्पन्न गरेको आजपाले छिटै नै अन्य प्रदेशमा समेत बिशेष अभियान सञ्चालन गर्ने तयारीमा रहेको छ ।

'मंसिर १ गते सप्तरीबाट शुभारम्भ भएको हाम्रो मधेश यात्राको पहिलो दिन राज्य पक्षबाट भएको अप्रत्याशित एवं अस्वभाविक अवरोधका बावजुद पनि आम न्यायप्रेमी जनसमुदायको न्यानो माया, प्रेम र आर्शिवाद सहितको स्वागत सम्मान र अभुतपूर्व ऐक्यबद्धताले भ्रष्टाचार बिरोधी हाम्रो संघर्षमा थप रक्तसञ्चार सृजना गरेको छ' प्रवक्ता साहले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

अभियानका क्रममा आमसभा, अन्तरक्रिया, बैठक, भेलाका साथै बिभिन्न कार्यक्रम सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा भएको छ । सो क्रममा दर्जभन्दा बढी ठाउँमा आमसभा, भेलाहरुका साथै सयौं व्यक्ति आजपामा प्रवेश गरेका छन् ।

बिभिन्न पार्टी परित्याग गरी नेताकार्यकर्ता आजपामा प्रवेश गरेको आईटी आर्मीका केन्द्रिय सदस्य रामशरण यादवले बताए ।

'अभियानलाई सफल एवं सार्थक बनाउन नेतृत्वगणको निकासमुखी दिशानिर्देश, आईटी आर्मीको अथक सुरक्षा एवं समन्वयकारी भूमिका, कलाकारहरुको कारुणिक एवं मर्मस्पर्शी प्रस्तुतिहरू, पत्रकार साथीहरुद्वारा समयमैं सही सूचनाहरुको सम्प्रेषण तथा व्यवस्थापन टोलीको कुशल व्यवस्थापनले गर्दा अभियानमा थप रौनक एवं चारचान्द लगाएको ठहर सहित सम्पूर्ण सहयोगी एवं शुभेच्छुकहरूमा एकमुष्ट हार्दिक आभार सहित विशेष धन्यवाद समेत व्यक्त गर्दछौं' आजपाले सबैलाई धन्यवाद दिदै भनेको छ ।


## देवताल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पिप्राढी गोठ,बारा

मधेस प्रदेश,नेपाल

**करारमा शिक्षक आवश्यकता सम्ब न्धी◌ा सुचना**

यस गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालयहरुमा तपसिल बमोजिम शिक्षण सहयोग अनुदान कोटाहरुमा करार सेवामा शिक्षक पदपुर्ति गर्नु पर्ने भएकोले देहायका योग्यता पुगेको नेपाली नागरिकहरुले तोकिएको मिति भित्र आइपुग्ने गरी यस कार्यालयको शिक्षा शाखामा दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेको निवेदन छनौट प्रकृयामा समावेश गरिने छैन ।

| बिज्ञापन नं | तह श्रेणी | सेवा प्रकार | बिषय | पद संख्या | परीक्षा शुल्क |
|---|---|---|---|---|---|
| २/०८१/०८२ | माध्यमिक (९-१०) | संघिय शिक्षण सहयोग अनुदान | विज्ञान | २ | रू १५०० |
| ३/०८१/०८२ | माध्यमिक (९-१०) | संघिय शिक्षण सहयोग अनुदान | गणित | २ | रू १५०० |
| ४/०८१/०८२ | माध्यमिक (९-१०) | संघिय शिक्षण सहयोग अनुदान | अंग्रेजी | २ | रू १५०० |

१ आवश्यक शैक्षिक योग्यता :

- नेपाली नागरिक
- माध्यमिक तहको लागि ( कक्षा ९-१०) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बेन्धिटत बिषयमा स्नातक वा सो सरहको परीक्षा उतिर्ण गरेको
- सम्बन्धित तहको विषयगत स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको
- निरोगिताको प्रमाणपत्र

२. परीक्षाको किसिम

क.लिखित परीक्षा (सामान्य र विषयगत)/अन्तरवार्ता

३. दरखास्त दिने अन्तिम मिति २०८१/०८/२१ गते कार्यालय समय भित्र

४. परीक्षा मिति पछि तोकिनेछ

५. तलब भत्ता प्रचलित नियमानुसार

६. उमेर हदः:१८ बर्ष पुरा भई ४० वर्ष ननाघेको

७. आवस्यक कागजातहरू: व्यक्तिगत निवेदन, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी, न्युनतम र माथिल्लो योग्यताको लब्धाङपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपी

८. सम्पूर्ण परीक्षा शिक्षक सेवा आयोगबाट प्रकाशित पाठ्यमक्रमका आधारमा हुनेछन।

९. परीक्षा दस्तुर रकम गाउँपालिकाको राजश्वप शाखामा बुझाइ सक्करल भौचर पेश गर्नु पर्ने छ ।

१०. प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता लगायत अन्य जानकारीको लागि देवताल गा.पाको सूचना पाटी तथा वेबसाइट (www.devtalmun.gov.np) प्राप्त गर्न सकिनेछ ।

नोटः अन्य जानकारीको लागि शिक्षा शाखा वा मो नं. ९८५५०४८५९० मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

नविन कुमार श्रीवास्तव
प्रमुख प्रशासकिय अधिकृत



## जनहितमा जारी सन्देश

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जबरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्। कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

आदर्श कोतवाल गाउँपालिका परिवार
मधेश प्रदेश, बारा



**विपदबाट बचौं र बचाऔं, विपद् आकस्मिक रूपमा आउने हुँदा :**

- विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं, समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
- प्रहरी, दमकल, एम्बुलेन्स लगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं, विपद् आईहालेमा नआत्तिऔं,
- बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्यार राखौं,
- विपत्तिमा परेकालाई उद्धार पुनर्स्थापनामा सहयोग गरौं,
- विपद् सम्बन्धी सचेतना फैलाऔं,
- विपद्बाट हुने जनधनको क्षति न्यूनिकरण गरौं ।

बारागढी गाउँपालिका
खोपवा, बारा


# बारा प्रहरीद्वारा ६ जना फरार प्रतिवादीहरू पक्राउ

*बारा , ०६ मँसिर*

अदालतबाट सजायको फैसला पाएपछि फरार भएका ६ जना प्रतिवादीलाई बारा प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय बारा र मातहतका प्रहरी ईकाई कार्यालयबाट खटिएको प्रहरी टोलीले फरार प्रतिवादीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्ने प्रतिबादीहरुमा हातहतियार तथा खरखाजाना मुदामा तीन महिना कैद सजाय तोकिएका निजगढ नगरपालिका-३ का मेललाल भन्ने मँगल बहादुर पाखरिन,सवारी ज्यान मुदामा एक बर्ष कैद सजाय पाएका कलैया उपमहानगरपालिका-१८ मोतसरका शयाम कुमार बैठा र लागुऔषध मुदामा अदालतबाट २० दिन कैद सजाय पाएका कलैया-१२ सितलपुरका मनोज साह रहेका छन। यसैगरि चेक अनादर मुदाका सुवर्ण गाउँपालिका-२ कबही गोठका राजिव यादव,मर्धबिस यादव र अनुरु कुमार यादवलाई पनि पक्राउ गरिएको बाराका प्रहरी प्रबक्ता एवम् डिएसपी प्रकाश सापकोटाले जानकारी दिए । पक्राउ परेका सबैलाई आवशयक कारवाहीको लागि अदालतमा पेश गरिएको सापकोटाले बताए ।

# बाराको सिम्रौनगढमा नापी कार्यलय साचालन भएपछि स्थानीयहरुलाई सहज

*शु.आ. सम्वाददाता*
*बारा , ०६ मँसिर*

बाराको सिम्रौनगढमा नापी कार्यालय सँचालन भएपछि स्थानीयलाई सहज भएको छ । सिम्रौनगढ लगायतका जनताहरुले मालपोत कार्यालय सिम्रौनगढमा ल्याउन बिभिन्न किसिमको आन्दोलन समेत गरेको सर्वविदितै छ ।

मालपोत कार्यालय सँचालन सँगै नापी कार्यालय सँचालन भएपछि सिम्रौनगढ लगायतका स्थानियहरु सहज रुपमा सेवा प्राप्त गरीरहेका छन् । जसको फलस्वरूप नापी कार्यालयमा स्थानियहरुको दिनप्रतिदिन चाप बढदै गईरहेको अवस्था छ ।

संघियता पछि सदरमुकाम पछि नेपाल सरकारले नापी सिम्रौनगढमा सन्चालन गराउन सफल भएको जानकारी नापी अधिकृत रामकैलाश महतोले बताएका छन् । महतोको अनुसार नापी कार्यालयमा कर्मचारीहरुको अभावले गर्दा हाल कार्यरत रहेको कर्मचारीहरु बिरामी रहेको समयमा पनि जनताको काम गरेको बताएका छन् ।

कलैयाबाट सिम्रौनगढ नापी कार्यलयमा आउन सडक पुर्ण रुपमा निर्माण भएकोले समयमै आउने तथा जाने भएको छ । नापी कार्यलयको अझ राम्रो ब्यवस्थापनको लागि माथिल्लो निकायमा पहल गरिरहेको बताएका छन् ।

मालपोत र नापीको नङ्ग र मासुको सम्बन्ध जस्तो कार्य शैली रहेको छ ।मालपोतबाट फाईल तयार गरेर नापीमा ल्याउदा कर्मचारीको अभावले गर्दा केहि समय अडकिन्छ । तर समयमा नै काम हुने गरेको नापी अधिकृत महतोको दावी रहेको छ ।

साथै नापि कार्यलयमा नेपाल सरकारले कर्मचारी थपियो भने झन सेवा प्रदान गर्न सकिने कानुन ब्यवसायि अबास अन्सारीले बताएका छन्। अहिले सम्म मालपोत कार्यालय र नापी कार्यालय शाखाबाट सहज रुपले काम भईरहेको समेत अँसारीले बताएका छन् ।

# वार्षिक..........

कार्यसम्पादन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

संसदमा विचाराधीन सङ्घीय निजामती सेवा ऐन, निर्माणमुखी सामग्रीको व्यवस्थापनसम्बन्धी ऐनको शीघ्र स्वीकृतिका लागि पनि मन्त्रालयको समग्र टीमले समन्वय र सहजीकरण गर्नुपर्ने उहाँले बताउनुभयो । सङ्घीयतालाई थप सवलीकरण गर्नेगरी स्थानीय सरकार सञ्चालन ऐनको संशोधन मस्यौदा छिट्टै सङ्घीय संसदमा पेश गर्नुपर्ने उहाँको भनाइ छ ।

बैठकमा मन्त्रालयका सह-सचिव एवम् प्रवक्ता काली प्रसाद पराजुलीले मन्त्रालयको समग्र प्रस्तुति राख्नुभएको थियो ।

यस्तै, राष्ट्रिय किताबखानाका महानिर्देशक वैकुण्ठ निधी शर्मा, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका अध्ययन निर्देशक सुन्दर श्रेष्ठ, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक कानुन लाल चौधरी, निजामती कर्मचारी अस्पतालका उपसचिव जोरा सिंह धामी र आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठानका सदस्यसचिव कमल राज राजवंशीले आ-आफ्नो निकायको प्रस्तुति राख्नुभएको थियो ।

बैठकमा राष्ट्रिय योजना आयोगका सदस्य गंगादत्त अवस्थी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव भरतमणि सुवेदी, राष्ट्रिय योजना आयोगकका सह-सचिव यज्ञराज कोइरालालगायतको उपस्थिति थियो ।

साथै बैठकमा सामान्य प्रशासन मन्त्रालयका सह-सचिवहरू, महानिर्देशक र शाखा प्रमुखहरूको पनि सहभागिता थियो ।


**बालबालिकाकालाई समयमै बिद्यालय पठाऔं, उनीहरूको उज्जवल भविष्य बनाऔं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - प्रसौनी गाउँपालिका, बारा